# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# देवानगञ्ज, सुनसरी
# कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/८३
चलानी नं. : ०२२४७

(प्रशासन शाखा )

मिति: २०८३।०२।०१
ने.स : ११४६ वछलागा २८ शुक्रवार

**श्री वस्तु तथा सेवा प्रदायक (व्यवसायी) हरु (सबै),**
**देवानगञ्ज गाउँपालिका, सुनसरी ।**

**बिषय : मूल्य सूची व्यवस्थापन गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४३९८, मिति २०८३/०१/२५ गतेको पत्र र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं.२७३४, मिति २०८३/०१/२५ गतेको पत्रानुसार २०८३ वैशाख २८ गते देखि जेठ ३ गते सम्म मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) मनाउन र उद्योग, पैठारीकर्ता, सप्लायर्स, खुद्रा विक्रेता लगायत सम्पूर्ण सेवाप्रदायक क्षेत्रका सम्बन्धी संगठनले आफू मातहतका व्यापारी, व्यवसायीले उपलब्ध गराउने वस्तु तथा सेवाको रुपले मूल्यसूची सबैले देख्ने गरी राख्न पत्राचार भएको हुँदा यस देवानगञ्ज गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण वस्तु तथा सेवा प्रदायक (व्यवसायी) हरुले मिति २०८३ जेठ २ गते सम्म आ-आफ्नो व्यवसाय सँग सम्बन्धित मूल्यहरु उपभोक्ताले स्पष्ट सँग देखिने गरी सार्वजनिक रुपमा नराखेको भए उपलब्ध गराइने प्रत्येक वस्तु तथा सेवाको प्रति इकाई मूल्य उल्लेख गरी उपभोक्ताले स्पष्ट देखिने गरी राख्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ। तोकिएको समयावधि भित्र मूल्यसूचीको व्यवस्थापन नगरेको खण्डमा पालिकाबाट अनुगमन हुँदा आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

**सादर अवगतार्थ :**
श्री गाउँपालिका अध्यक्ष ज्यू, देवानगञ्ज गाउँपालिका, सुनसरी - आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध छ।
श्री गाउँपालिका उपाध्यक्ष ज्यू, देवानगञ्ज गाउँपालिका, सुनसरी - आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध छ।

२०८३।२।१

**प्रमुख प्रशासकीय अधिकृत**
**महेश कुमार ठाकुर**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :-**
श्री ईलाका प्रहरी कार्यालय, देवानगञ्ज, सुनसरी ।
श्री वडा कार्यालयहरु सबै, देवानगञ्ज गाउँपालिका, सुनसरी - सूचना सम्प्रेषण गरिदिनुहुन ।
श्री उधोग वाणिज्य संघ, देवानगञ्ज, सुनसरी ।
श्री सूचना प्रविधि शाखा, देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज, सुनसरी - कार्यालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।